## मण्डनदेउपुर नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
### महादेवस्थान

## *ईन्द्रावती नदि, चाखोला आशीखोला र ढाँडखोला थारखोलाको रोडाढुंगा गिट्टी बालुवाको संकलन तथा बिक्रि शुल्क उठाउने सम्बन्धि शिलवन्दी बोलपत्र आव्हानको सूचना*

*प्रथम पटक सूचना प्रकाशित मिति २०७७।०२।३०*

स्थानिय सरकार सन्चालन ऐन २०७४ को दफा ११ को उपदफा २ (घ) १ र (घ) ६ बमोजिम यस मण्डनदेउपुर नगरपालिकबाट आ.ब. २०७७/७८ को लागि देहाय बमोजिमको आन्तरिक आय सम्बन्धी ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले प्रदेश आर्थिक ऐनबाट पारित दररेट बमोजिम स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन (IEE) मा उल्लेखित क्षेत्रहरुबाट स्विकृत परीमाणभन्दा बढी उत्खनन नहुने गरी रोडा,ढुंगा,बालुवा,ग्राभेल संकलन तथा बिक्रि शुल्कको ठेक्का लिन ईच्छुक ब्यक्ति, फर्म वा कम्पनीहरुवाट तोकिएको न्यूनतम अंकमा नघट्ने गरी निम्नानुसारको विषय क्षेत्र भित्र शिलबन्दी बोलपत्र पेश गर्न यो सुचना प्रकाशित गरिएको छ। रित नपुगी या म्याद नाघी प्राप्त हुन आएका शिलवन्दी बोलपत्र उपर कुनै कारवाही गरिने छैन।

ठेक्का सम्बन्धी बिबरण :-

| क्र.सं | आन्तरीक आय ठेक्का संकेत | ठेक्का को विषय क्षेत्र | आ.व.२०७७/७८ का लागि कायम न्यूनतम अंक (मु.अ.कर बाहेक) | संकलन/ उत्खनन् गर्न पाउने अधिकतम परिमाण (वार्षिक) | बोलपत्र फाराम दस्तुर | धरौटी/जमानत रकम | बागमती प्रदेश सरकारबाट स्वीकृत दररेट |
|---|---|---|---|---|---|---|---|
| १. | १/IR/०७७/७८ | मण्डनदेउपुर नगरपालिका क्षेत्र भित्रको ईन्द्रावती नदि क्षेत्रबाट रोडा ढुंगा,वालुवा,ग्राभेल (IEE मा उल्लेखित क्षेत्रहरु मध्ये ५ ओटा क्षेत्रबाट) संकलन गर्ने<br>मण्डनदेउपुर नगरपालिकाको अन्तर्गत इन्द्रावती नदि क्षेत्र भित्र उत्पादन भई बिक्री हुने नदिजन्य पदार्थको बिक्री शुल्क (बोलपत्र फारामसाथ उपलब्ध सूची अनुसार) | ७,९४,५८,७५०।०० (सात करोड चौरानब्बे लाख अन्ठाउन्न हजार सात सय पचास मात्र) | ८८,२८,७५०।० ० क्यू.फिट | ५,०००।- | मु.अ.कर सहित कवोल अंकको ५ प्रतिशत | बालुवा, गिट्टी, ढुङ्गा, स्लेट प्रति क्यू फिट संकलन मुल्य मु.अ. कर बाहेक रु. ३ (तीन रुपैयां मात्र)<br>विकि मुल्य मु.अ. कर वाहेक रु.६ (छ रुपैयां मात्र) |
| २. | २/IR/०७७/७८ | मण्डनदेउपुर नगरपालिकाको क्षेत्र अन्तर्गत चाखोला र आँशीखोलावाट रोडा ढुंगा,वालुवा,ग्राभेल (IEE मा उल्लेखित क्षेत्रहरु मध्ये ७ ओटा क्षेत्रबाट) संकलन गर्ने<br>मण्डनदेउपुर नगरपालिकाको क्षेत्र अन्तर्गत चाखोला र आंशीखोला क्षेत्र भित्र उत्पादन भई बिक्री हुने नदिजन्य पदार्थको बिक्री शुल्क (बोलपत्र फारामसाथ उपलब्ध सूची अनुसार) | २५,२६,७८८।०० (पच्चिस लाख छब्बिस हजार सात सय अठासी रुपैया मात्र) | २,८०,७५४.२५ क्यु.फिट | ३,०००।- | मु.अ.कर सहित कवोल अंकको ५ प्रतिशत | बालुवा, गिट्टी, ढुङ्गा, स्लेट प्रति क्यु फिट संकलन मुल्य मु.अ. कर बाहेक रु. ३ (तीन रुपैयां मात्र)<br>विकि मुल्य मु.अ. कर वाहेक रु.६ (छ रुपैयां मात्र) |
| ३. | ३/IR/०७७/७८ | मण्डनदेउपुर नगरपालिकाको क्षेत्र आन्तर्गत ढाडखोल र थारखोलाबाट रोडा ढुंगा,वालुवा,ग्राभेल (IEE मा उल्लेखित क्षेत्रहरु मध्ये २ ओटा क्षेत्रबाट) संकलन गर्ने<br>मण्डनदेउपुर नगरपालिकाको क्षेत्र अन्तर्गत ढाडखोल र थारखोलावाट क्षेत्र भित्र उत्पादन भई बिक्री हुने नदिजन्य पदार्थको बिक्री शुल्क (बोलपत्र फारामसाथ उपलब्ध सूची अनुसार) | २५,१७,२५३।०० (पच्चिस लाख सत्र हजार दुई सय त्रिपन्न रुपैया मात्र) | २,७९,६९५।०० क्यू.फिट | ३,०००।- | मु.अ.कर सहित कवोल अंकको ५ प्रतिशत | बालुवा, गिट्टी, ढुङ्गा, स्लेट प्रति क्यू फिट संकलन मुल्य मु.अ. कर बाहेक रु. ३ (तीन रुपैयां मात्र)<br>विकि मुल्य मु.अ. कर वाहेक रु.६ (छ रुपैयां मात्र) |

**ठेक्का सम्बन्धि शर्तहरु :**

१. शिलबन्दी बोलपत्र फाराम खरिद गर्दा ब्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलीपी,ब्यक्तिगत प्यान दर्ता प्रमाण पत्र फर्मको हकमा अद्यावधिक फर्म नबिकरण प्रमाणपत्रको प्रतिलीपी, आ.व. २०७५/७६ को करचुक्ता प्रमाणपत्रको प्रतिलीपी ,साथै लिखित निवेदन स्वघोषणा पत्र र मू.अ. कर दर्ता प्रमाणपत्रको प्रतिलीपी संलग्न गरि मिति २०७७।०३।२८ गते को कार्यालय समय भित्र राजश्व शाखामा बोलपत्र फारम दस्तुर बुझाई खरिद गर्न सकिनेछ।

२. E-Bidding को लागि बोलपत्र फाराम खरिद गर्दा ब्यक्तिको हकमा नेपाली नागरीकताको प्रमाणपत्रको प्रतिलीपी,ब्यक्तिगत प्यान दर्ता प्रमाण पत्र फर्मको हकमा अद्यावधिक फर्म नबिकरण प्रमाणपत्रको प्रतिलीपी, आ.व. २०७५/७६ को करचुक्ता प्रमाणपत्रको प्रतिलीपी साथै लिखित निवेदन स्वघोषणा पत्र र मू.अ. कर दर्ता प्रमाणपत्रको प्रतिलीपी संलग्न गरि मिति २०७७।०३।२८ गते) को कार्यालय समय भित्र e-bidding मार्फत www.bolpatra.gov.np बाट Bid document Download गर्न सकिनेछ।
ग्लोबल आइएमइ बैंक संचित कोष खाता नं N404010000003 मा बोलपत्र दस्तुर जम्मा गरि बोलपत्र फाराम खरिद गर्न सकिनेछ।

३. बोलपत्र फाराम रितपूर्वक भरी मिति २०७७।०३।२९ गते दिनको १२:०० बजे भित्र पेश गर्न सकिनेछ। पेश भएका शिलबन्दी बोलपत्रहरु सोही दिनको १४:०० बजे यस कार्यालयमा उपस्थित बोलपत्रदाताहरु वा निजको अधिकार प्राप्त प्रतिनिधिहरु र कार्यालय प्रतिनिधिहरुको रोहबरमा खोलिने छ। बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएता पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन।

४. E- Bidding मार्फत प्राप्त बोलपत्रहरु फाराम रितपूर्वक भरी मिति २०७७।०३।२९ गते दिनको १२:०० बजे भित्र e-submission गर्न सकिनेछ। e-submitted बोलपत्रहरु सोही दिनको १४:०० बजे यस कार्यालयमा उपस्थित बोलपत्रदाताहरु वा निजको अधिकार प्राप्त प्रतिनिधिहरु र कार्यालय प्रतिनिधिहरुको रोहबरमा खोलिने छ। बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएता पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन। Bid Response गर्दा बुदा नं २ मा उल्लेख भएका कागजात ,बैंक जमानत ,बोलपत्र दस्तुर ,Bid Response document PDF Format मा Submission गर्नुपर्नेछ।

५. शिलबन्दी बोलपत्रको मान्य अवधी कम्तीमा ९० दिनको हुनुपर्नेछ।

६. बोलपत्र पेश गर्दा आफुले कवोल गरेको मु.अ.कर सहितको रकमको ५% ले हुन आउने धरौटी रकम यस कार्यालयको ग्लोबल आइएमइ **बैंक, कुन्ताबेसी शाखामा** रहेको धरौटी खाता नं. N404010000008 खातामा जम्मा गरेको सक्कलै बैंक भौचर वा बोलपत्र दर्ता गर्ने अन्तिम मितिबाट कम्तिमा १२० (एक सय बीस) दिन म्याद भएको नेपाल सरकारबाट मान्यता प्राप्त वाणिज्य बैंकबाट यस कार्यालयको पक्षमा जारी भएको सक्कल बैंक जमानत पत्र (**Bid Security**) अनिवार्य रुपले शिलबन्दी बोलपत्र साथ पेश गर्नु पर्नेछ।

७. बोलपत्र भर्दा आफुले कवोल गरेको रकम अंक र अक्षरमा स्पष्ट लेखी पेश गर्नु पर्नेछ। अंक र अक्षरमा लेखिएको रकम फरक परेमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिइनेछ।

८. बोलपत्र स्वीकृत सम्वन्धि जानकारी प्राप्त भएको मितिले ७ (सात) दिन भित्र कवोल अंकको २५% रकम (मु.अ.कर लाग्ने ठेक्काको हकमा मु.अ.कर समेत) नगदै तथा बांकी रकमको हकमा यस कार्यालयको पक्षमा नेपाल सरकारबाट मान्यता प्राप्त बाणिज्य बैंकबाट जारी भएको प्रत्येक किस्ता रकमको छुट्टा छुट्टै मु.अ.कर वापतको रकम समेतको कार्यसम्पादन जमानीपत्र सहित संझौता गर्न आउनु पर्नेछ।

मण्डनदेउपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय

९. ठेकेदारले सम्झौतामा तोकीएको विषय क्षेत्रमा तोकीएको दर रेटमा मात्र शुल्क असुल गर्न पाउनेछ । संकलन तथा विकी शुल्कको दररेट बोलपत्र फारामसाथ उपलव्ध गराईनेछ ।

१०. बागमती प्रदेश सरकारले जुनसुकै बखत दररेट परिवर्तन गरेमा सोही बमोजिम कार्यान्वयन हुनेछ । साथै सो सम्बन्धी जानकारी यस कार्यालयबाट तुरुनतै गरिनेछ ।

११. यस सूचनामा उल्लेखित खोला/नदीका अलावा नयां क्षेत्र (खोला/नदी) पहिचान भई नेपाल सरकार, मन्त्रिपरिषदको मिति २०७२।१०।२० को निर्णय बमोजिम नेपाल सरकार/दातृ निकायद्धारा संचालन हुने विकास आयोजनाहरुको लागी प्रयोग हुने निर्माणजन्य सामाग्रीको बिक्रीको हकमा सम्बन्धित आयोजना (स्वीकृत IEEको परिधिभित्र रही) ले प्रयोग गरेको परिमाणको आधारमा नगरपालिकाले सम्बन्धित आयोजनाबाट बिक्री मुल्य असुल गर्नेछ ।

१२. ठेकेदार र कार्यालय बिचमा ठेक्का सम्वन्धी कुनै किसिमको झै-झमेला पर्न आएमा सो को समाधान गर्न मण्डन देउपुर नगर कार्यपालिकाले निर्णय गर्नेछ ।

१३. संकलन तथा विकी शुल्क उठाउने सम्पुर्ण दायीत्व ठेकेदारको हुनेछ । त्यसमा कार्यालयले कुनै जिम्मेवारी वहन गर्ने छैन साथै प्रचलित कानुन वमोजीम तिर्नुपर्ने सम्पुर्ण करहरु ठेकेदार स्वंयले बुझाउनु पर्नेछ ।

१४. रोडा,ढुंगा,वालूवा,ग्राभेल बिक्री ठेक्कामा रोडा,ढुंगा,वालूवा,ग्राभेल निकाल्दा व्यक्तिगत जग्गा क्षति हुने गरि निकाल्न पाईने छैन साथै खोला/नदीमा पर्ने पुलको तल माथि कम्तिमा ५०० मिटर छोडेर IEE प्रतिवेदनमा तोकिएको स्थानहरुबाट मात्र रोडा,ढुंगा,बालुवा,ग्राभेल निकाल्नु पर्नेछ ।

१५. ठेक्कामा मालसामानको परिमाण एकिन भएको र परिमाण अनुसार ठेक्का आव्हान गरिएकोले आवश्यक प्रकृया पुरा गरी उक्त परिमाण सो भन्दा कम अवधिमा पनि बिक्री गर्न सकिनेछ । साथै परिमाणका आधारमा ठेक्का सम्झौता हुने भएकोले बन्द आदीको कारण केहि दिन काम सुचारु नभएको अवस्थामा कुनै पनि किसिमको क्षतिपूर्ति दावी गर्न पाइनेछैन । IEE प्रतिवेदनमा उल्लेख भएको अवधिमा नदी/खोलाबाट सामाग्री उत्खनन् गर्न पाईने छैन तर विभिन्न स्थानमा थुपारी राखेको सामाग्री बिक्री गर्न बाधा पर्ने छैन ।

१६. जिल्ला अनुगमन तथा नगरपालिका र सम्बन्धित सरकारी निकायहरुले अनुगमन गर्दा कानून र मापदण्ड बमोजिम नपाईएमा प्रचलित कानून बमोजिम कारवाही हुनेछ ।

१७. जुन आर्थिक वर्षका लागि ठेक्का सम्झौता भएको हो सोही आर्थिक वर्ष भित्र उक्त ठेकेदारले उत्खनन गरेका ढुंगा, गिट्टी, बालुवा, ग्राभेल सो क्षेत्रबाट उठाईसक्नु पर्नेछ ।

१८. नदी प्रवाहको दिशा परीवर्तन हुने गरी ढुंगा, गिट्टी, बालुवा, ग्राभेल उत्खनन गर्न पाईने छैन ।

१९. IEE प्रतिवेदनमा उल्लेखित स्थानहरुबाट मात्र नदीजन्य सामाग्रीहरु उत्खनन गर्नुपर्नेछ साथै IEE प्रतिवेदनमा स्वीकृत भएको हकमा स्वीकृत अवधिसम्म मेशिन प्रयोग गरी नदीजन्य सामाग्रीहरु उत्खनन् गर्न बाधा पर्नेछैन ।

२०. पानीले पखालेको चिसो बालुवा पानी चुहाउदै कालोपत्रे सडकमा ढुवानी गर्न गराउन पाईने छैन । साथै ढुंगा, गिट्टी, बालुवा, ग्राभेल लैजांदा covering (छोपी) गरेर मात्र ढुवानी गर्नु गराउनु पर्नेछ । साथै बालुवा धुंदा निस्कीएको धमिलो पानी सिधै नदीमा मिसाउन पाईने छैन ।

२१. कुनै किमिको परिस्थिति देखाई ठेक्का रकम छुट/मिनाहा सम्बन्धी कुनै माग कार्यालयलाई स्वीकार्य हुनेछैन ।

२२. प्राप्त बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।

२३. यसमा उल्लेख नभएका अन्य कुराहरु बागमती प्रदेश सरकारबाट जारि गरिएको नदि जन्य पदार्थ ( उत्खनन र उपयोग) कार्यविधि, २०७५, मण्डनदेउपुर नगरपालिका भित्रका नदिजन्य पदार्थको उपयोग तथा व्यवस्थापन कार्यविधि २०७५ र अन्य प्रचलीत कानून बमोजिम हुनेछ ।